आज मिति २०८० साल श्रावण २४ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृविन्द्र कुमार चौंलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

प्रस्तावहरुः

१. जलविरे प्राथमिक स्वास्थ्य केन्द्र सम्बन्धमा ।

२. विविध सम्वन्धमा ।

निर्णयहरुः

१. यस बलेफी गाउँपालिका वडा नं. १ मा रहेको जलबिरे प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अभिलेखमा जुगल गाउँपालिका मातहत देखिएका कारण उक्त स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुको तलब भत्ता तथा अन्य खर्च बापत प्राप्त हुने रकम यस पालिकाको नाममा निकासा नभई जुगल गाउँपालिकाको खातामा निकासा हुने गरेकाले सो रकम यस पालिकाको खातामा फिर्ता गरिदिन तथा अभिलेख संशोधन गरि जलबिरे प्राथमिक स्वास्थ्य केन्द्रलाई बलेफि गाउँपालिका मातहत कायम गरिदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

२. विविध

- यस बलेफी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुका लागि गाउँपालिका स्रोतबाट मात्र खरिद गरिएका औषधि तथा स्वास्थ्य सामाग्रीहरु पर्याप्त नभएकाले थप आवश्यक औषधि तथा स्वास्थ्य सामाग्रीहरु उपलब्ध गराईदिनुहुनका लागि स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक, बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालय र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।